जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ | अंक २८४ | २०८० साल असार ६ गते बुधबार (21 June 2023 Wednesday) | मूल्य रु. ५/-

**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

जनहीतका लागि

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : विपद्पीडितलाई तत्काल राहत... ३ पृष्ठमा : विपद्जन्य घटनामा हालसम्म ... ३ पृष्ठमा अफगानिस्तानमा ८० एकड ...

# हटियाको जग्गा अतिक्रमणबारे कावा प्रमुखको निर्णय बिरुद्ध बोर्डका सदस्यहरु

## डिपिआर बमोजिम नै मैले निर्णय गरे : कावा प्रमुख परबिन



**दैनिक समाचारदाता राजविराज, ५ असार ।**
राजविराजस्थित हटियाको जग्गा अतिक्रमण बारे नगरपालिकाको बोर्डको निर्णयलाई कार्यवाहक प्रमुखले आफूखुशी पुनः निर्णय गरेपछि मंगलबार बोर्डका सदस्यहरुले पत्रकार सम्मेलन गरि कार्यवाहक प्रमुखको रबैयाप्रति असन्तुष्टि ब्यक्त गरेका छन् ।

आयोजित पत्रकार सम्मेलनमा नगरपालिकाका प्रवक्ता एवं वडा नं. ८ का अध्यक्ष जयनारायण मण्डलस र वडा अध्यक्षसहित १७ जना बोर्डका सदस्यहरुको उपस्थिति रहेको थियो ।

पत्रकार सम्मेलनमा प्रवक्ता मण्डलले २०७९ मंसिर २९ गतेको हटियाको जग्गा अतिक्रमण बारे नगरपालिकाको बसेको बोर्डको बैठकले हटिया अवस्थित राजविराज नगरपालिकाको अधिनस्त जग्गा अतिक्रमण भएको ठहरे जति जग्गा अतिक्रमण हटाई खाली गर्ने निर्णयलाई कार्यान्वयन गर्न माग गरे । उनले ८ मिटर जग्गामा नगरपालिकाले अधिनस्त गरे ४ मिटर जग्गा अझै अतिक्रमित नै रहने दाबी गरे ।

उनले २०७९ साल चैत देखी ज्यालादारीमा राखिएको कर्मचारीलाई हटाउन माग गरेको तर, कार्यवाहक प्रमुख इसरत परबिनले लामो समयदेखी ज्यालादारीमा काम गरेकालाई समेत हटाउन अडान लिएपछि सो निर्णय हुँदा अधिकांश कर्मचारीहरुप्रति अन्याय भएको जिकिर गरे ।

कार्यवाहक प्रमुख इसरत परबिनले २०७९ साल फागुन २८ गते हटिया अनुगमनका क्रममा स्थानियको उपस्थितीमा बाटोको चौडाई ६ मिटर र नाला २ मिटर गरि जम्मा ८ मिटरमा गिलेशनदेखी छोडेर निर्माण कार्य गर्ने एकल निर्णय गरेकोप्रति खेद व्यक्त गरिएको छ ।

यता कार्यवाहक प्रमुख परिबनले हटियामा ८ मिटर जग्गाको डिपिआर भएको दाबी गर्दै सोही अनुसारको आफूले निर्णय गरेको संचारकर्मीलाई जानकारी दिइन् । उनले बाँकी अतिक्रमित जग्गा बारे गिलेशन निर्माणपछि अन्य काममा प्रयोग गर्ने समेत बताए । हाललाई गिलेशनको काम कुनै कारणले प्रभावित नहोस् भन्ने उद्देश्यले त्यस्तो निर्णय गर्न पुगेको लाचारी व्यक्त गरिन् ।

२०८० हसार १ गते बसेको कार्यपालिकाको बैठक स्थगित भएको दाबी गर्दै उनले सो बैठकमा वडा अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतबीच सर्पदंश भवन निर्माण कार्य टेण्डरमार्फत गर्ने विषयमा विवाद भएको भन्दै बैठक स्थगित भएको बताइन् । बैठक स्थगित भएपछि वडाअध्यक्षहरुले आफूअनुकुल निर्णय गरेको समेत जानकारी दिइन् ।

# घरमा भण्डारण गरेको अवस्थामा १६ किलो भन्दा बढी गाजासहित एक पक्राउ

**दैनिक समाचारदाता राजविराज, ५ असार ।**
सप्तरीको कञ्चनपुर नगरपालिका ७ बलुवाबाट प्रहरीले एक जनालाई घरमा भण्डारण गरि राखेको १६ किलो भन्दा बढी लागुऔषध गाजासहित पक्राउ गरेको छ ।

विशेष सूचनाको आधारमा प्रहरीले स्थानिय ४० वर्षिय उमेश साहलाई घरमा भण्डारण गरिराखेको अवस्थामा १६ किलो ९ सय ३० ग्राम गाजासहित पक्राउ गरेको हो ।

ईलाका प्रहरी कार्यालय कंचनपुरबाट खटेको प्रहरी टोलीले साहको घरमा खानतलासी गर्दा घरको माथिल्लो तल्लाको कोठाको बक्सा भित्र कालो प्लास्टिकको पोकाहरुमा प्याक गरी लुकाई छिपाई राखेको उक्त मात्राको गाजा बरामद गरेको मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामले जनाएको छ ।

पक्राउ परेका उमेश साहलाई नियन्त्रणमा लिई ईलाका प्रहरी कार्यालय कञ्चनपुरले थप अनुसन्धान कार्य गरिरहेको प्रहरीले जनाएको छ ।

# लागुऔषध मुद्दामा ७ सय जरिवाना र १५ दिन कैद पाएका फरार अभियुक्त पक्राउ

**दैनिक समाचारदाता राजविराज, ५ असार ।**
प्रहरीले सप्तरीको राजगढ गाउँपालिकाबाट लागु औषध मुद्दामा कैद सजाय पाएर फरार रहेका एक अभियुक्तलाई पक्राउ गरेको छ ।

प्रहरी चौकी झुट्कीबाट खटेको टोलीले सो गाउँपालिका वडा नं. ३ निवासी राजाराम यादवलाई सोमबार पक्राउ गरेको मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामले जनाएको छ ।

पक्राउ परेका यादवमाथी लागु औषध मुद्दामा ७ सय जरिवाना र १५ दिन कैद सजाय भएको प्रहरीले जनाएको छ । उनलाई पक्राउ गरी आवश्यक कार्वाहीको लागी जिल्ला प्रहरी कार्यालय सप्तरीमा बुझाइएको छ ।

# घूस लिएको अभियोगमा मुद्दा दायर

काठमाडौँ, ५ असार (रासस) ।
अख्तियार दुरुपयोग अनुसन्धान आयोगले घूस लिएको अभियोगमा सिरहाको इलाका प्रहरी कार्यालय मिर्चैयाको मुद्दा शाखामा कार्यरत प्रहरी सहायक निरीक्षक सचिनकुमार भदैसवारविरुद्ध मंगलबार विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

आयोगका प्रवक्ता भोला दाहालका अनुसार जाहेरी दर्ता गर्ने क्रममा भदैसवारले सेवाग्राहीसँग रु नौ हजार घूस लिँदै गरेको अवस्थामा आयोगको टोलीले केही दिनअघि उहाँलाई पक्राउ गरेको थियो । आरोपी प्रहरी सहायक निरीक्षक भदैसवारविरुद्ध बिगोबमोजिम कारबाहीको माग गर्दै मुद्दा दर्ता गरिएको आयोगले जनाएको छ ।

# घुससहित तीन कर्मचारी पक्राउ

काठमाडौँ, ५ असार (रासस) ।
अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ग्रामीण सडक सुधार आयोजना कार्यान्वयन इकाई दमक झापामा कार्यरत आयोजना व्यवस्थापकसहित तीन कर्मचारीलाई रु चार लाख घुस रकमसहित पक्राउ गरेको छ ।

आयोगका प्रवक्ता भोला दाहालका अनुसार आयोगको टंगाल र इटहरीबाट गएको संयुक्त टोलीले आयोजना व्यवस्थापक हुतराज चौहान, इञ्जिनियर रविन्द्रकुमार शर्मा र लेखापाल हिमाल पौडेललाई घुससहित कार्यालय परिसरबाटै पक्राउ गरेको हो ।

सडक निर्माणका लागि अन्तिम बिल भुक्तानीका लागि सहजीकरण गरिदिए वापत उनीहरूले निर्माण व्यवसायीबाट घुस लिएको अवस्थामा मंगलबार नियन्त्रणमा लिइएको र थप अनुसन्धान भइरहेको प्रवक्ता दाहालले जानकारी दिनुभयो ।

**लोकतन्त्रको आधार : सूचनाको अधिकार**

- सूचना दिने र लिने संस्कृतिको विकास गरौं,
- सार्वजनिक निकायहरु खुला, पारदर्शी, उत्तरदायी एवं जवाफदेही बनौं,
- सूचनाको हक नागरिकको मौलिक अधिकार हो,
- सूचनाको हकसम्बन्धी ऐन नियमको पूर्ण पालना गरौं र गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

# नगरपालिकाको विवाद साम्य पार्नु आवश्यक

झण्डै चार वर्षदेखी राजविराजस्थित हटियामा अत्याधुनिक गिलेशन निर्माण भइरहेको छ । ३५ करोड भन्दा बढी रकममा टेन्डर प्रक्रियाबाट उक्त गिलेशनको निर्माण कार्य हालसम्म पनि सम्पन्न हुन सकेको छैन् । गिलेशन निर्माण सँगै अहिले बाँकी रहेको अतिक्रमित जग्गा सम्बन्धमा नगरपालिकाको पछिल्लो निर्णयले नगरपालिकाका कावा प्रमुख र बोर्ड सदस्यहरुबीच विवाद उत्कर्षमा पुगेको छ ।

अतिक्रमित जग्गा खाली गरि नाला निर्माण गर्ने बोर्डको बैठकको निर्णयलाई उल्टाउँदै कावा प्रमुख इसरत परबिनले गिलेशन निर्माणस्थलदेखी ६ मिटर बाटो र २ मिटर नाला निर्माण गर्ने निर्णय गरेपछि अहिले नगरपालिकामा बोर्डका सदस्यहरु उनी बिरुद्ध खनिएका छन् ।

नगरपालिका सदस्यहरुबीच नै देखिएको मतभेदका कारण निर्माण कार्य समेत प्रभावित बनेको छ । यसरी काम गराउने निकाय नै विवादित बनेपछि अहिले यो विषयले निकै चर्चा पाएको छ । तसर्थ यस्ता विषयलाई सुरक्षित अवतरण गराउन नगरपालिकाका सम्पूर्ण सदस्यहरु एकमत हुनु जरुरी छ । अन्यथा नगरपालिकाप्रति जनताको हेर्ने दृष्टिकोण आउँदो दिनमा शंकास्पद हुने कुरामा दुईमत नहोला ।

# विपद्पीडितलाई तत्काल राहत उपलब्ध गराउन सांसदहरूको माग

काठमाडौँ, ५ असार (रासस) । सांसदहरूले प्राकृतिक विपत्तिमा परी पूर्वी नेपालमा ठूलो मात्रामा जनधनको क्षति भएको उल्लेख गर्दै पीडितलाई तत्काल उद्धार र राहतको प्रबन्ध गर्न माग गर्नुभएको छ ।

प्रतिनिधिसभाको मंगलबारको बैठकको शून्य समयमा बोल्दै अधिकांश सांसदहरूले ताप्लेजुङ, सङ्खुवासभा र पाँचथरलगायतका जिल्लामा अत्यधिक वर्षाका कारण बाढीपहिरो आई क्षति भएकाले घरबारविहीनलाई तत्काल बासको प्रबन्ध गर्न, बेपत्ता भएकाहरूको खोजी गर्न माग गर्नुभएको हो ।

सांसद शान्ति विकले हरेक वर्ष वर्षाका कारण मानवीय क्षति हुने र हाल ताप्लेजुङ, पाँचथरलगायतका जिल्लामा ठूलो जनधनको क्षति भएकाले पीडितलाई तत्काल राहतको प्रबन्ध गर्न माग गर्नुभयो । उहाँले पूर्वतयारीमा विशेष ध्यान दिन आवश्यक रहेकोमा जोड दिनुभयो ।

सांसदहरू शेरबहादुर कुँवर, शान्ति चौधरी र सम्झना थपलिया, हितराज पाण्डे, हेमराज राई र ज्ञानेन्द्रबहादुर कार्कीले पनि पाँचथर, ताप्लेजुङ र सङ्खुवासभामा बाढीपहिरोका कारण पीडित नागरिकलाई राहतको प्रबन्ध गर्न माग गर्नुभयो । सांसद सूर्यबहादुर थापाले पीडितलाई दीर्घकालीन राहतको प्रबन्धको गर्न माग गर्नुभयो ।

सांसद सूर्यमान तामाङ दोङले काभ्रे, रामेछाप र सिन्धुलीमा आयोजनास्थल रहेका रणनीतिक महत्वका आयोजना अगाडि बढाउन बजेटको प्रबन्ध हुन नसकेकामा गुनासो गर्नुभयो । उहाँले किसानको उपजको बजारीकरण गर्न माग गर्नुभयो ।

सांसद विनिताकुमारी सिंहले सामुदायिक विद्यालयका कार्यरत कार्यालय सहयोगी र कर्मचारीले उचित पारिश्रमिक नपाएको र आगामी आर्थिक वर्षको बजेटमासमेत सम्बोधन नभएकामा सरकारको ध्यानकर्षण गराउनुभयो ।

सांसद बीना जैसवालले धर्म संस्कृति तथा कलाको प्रवर्द्धनका लागि वीरगन्ज महानगरपालिकाले अगाडि बढाएको अभियानको सरहाना गर्नुभयो । सांसद शान्ति श्रेष्ठले नेपालको संविधानले सबै नागरिकलाई समान अधिकार दिएको भए पनि बौद्धिक अपाङ्गता भएका व्यक्तिलाई हेरचाहको प्रबन्ध गर्न र उनीहरूको अधिकारको सम्मान गर्न माग गर्नुभयो । त्यस्ता नागरिकलाई परिचयपत्रको व्यवस्था र हेरचाह केन्द्रको प्रबन्ध गर्न माग गर्नुभयो ।

सांसद शिव नेपालीले किसान बाटोमा उत्पादन फाल्न बाध्य भएको भन्दै तत्काल राहतको प्रबन्ध गर्नका साथै स्मार्ट लाइसेन्समा भइरहेको ढिलासुस्तीप्रति पनि सरकारको ध्यानकर्षण गराउनुभयो ।

सांसद सन्तोष परियारले त्रिभुवन विश्वविद्यालयका प्राध्यापक प्रेम चलाउनेलाई आक्रमणमा सहभागीलाई कारबाही नगरी त्यत्तिकै छाडिएकोमा आपत्ति प्रकट गर्नुभयो । सांसद सराज अहमद फारुकीले वाणगङ्गा सिँचाइ योजना सरकारको प्राथमिकतामा नपरेको तथा कृष्णनगर नगरपालिकामा रहेको अधुरो योजना पूरा गर्न माग गर्न गर्नुभयो ।

सांसद सीताकुमारी रानाले जल, जमिन र जङ्गलको संरक्षण गर्ने र भूमिपुजन गर्ने मगर समुदायमाथि विभाजन गर्न खोजिएको र राष्ट्रिय जनगणनामा पहिचान मेट्न खोजिएकोमा गुनासो गर्नुभयो ।

सांसद सीता मिजारले कर्णाली प्रदेश सरकारले दलितमैत्री बजेट ल्याउन नसकेको र त्यसको विरोध गर्नेलाई प्रहरीले पक्राउ गरेकामा गुनासो गर्नुभयो । सांसद सुनिता बरालले अर्थतन्त्रलाई उकास्नका लागि जल, जमिनलाई विशेष प्राथमिकता राखिएको र सोहीअनुसार पर्यटन प्रवर्द्धनको कार्यक्रम अगाडि बढाइएको भए पनि पदयात्रामा जाने पर्यटकलाई बिरामी बनाएर नक्कली उद्धारको नाममा गलत धन्दा चलाइएको बताउनुभयो ।

सांसद सुमना श्रेष्ठले भित्रुवन विश्वविद्यालयका परीक्षामा नेपाली भाषामा प्रश्नपत्र बनाउन र विद्यार्थीलाई अनावश्यकरूपमा अनुत्तीर्ण गराउन खोजिएकोमा शिक्षा मन्त्रालयको ध्यानकर्षण गराउनुभयो ।

सांसद सुशीला श्रेष्ठले किसानले उत्पादन गरेको उपजको उचित मूल्न नपाएका कारण आफ्ना उत्पादन फाल्नु परेकामा सरकारको ध्यानकर्षण गराउँदै तत्काल उचित प्रोत्साहनको प्रबन्ध गर्न माग गर्नुभयो ।

सांसद सूर्यकुमारी श्रेष्ठले मुलुकको ठूलो युवा जनशक्ति रोजगारीका लागि विदेशिएको तथ्य पेस गर्दै स्नातक तह उत्तीर्ण गरेकालाई सरल र सहज रूपमा ऋणको प्रबन्ध गर्न र देशमा रोजगारीको व्यवस्था गर्न माग गर्नुभयो । सांसद सूर्यप्रसाद ढकालले विद्युत् बक्यौता, क्यासिनो रोयल्टी, ठूला करदाता, अदालतलगायतका निकायबाट उठाउन बाँकी बक्यौता उठाएर विकास निर्माणका लागि बजेट विनियोजन गर्न सकिने बताउनुभयो ।

सांसद सोविता गौतमले किसान र उपभोक्ताकाबीचमा विभिन्न छ तहको विचौलिया रहेकाले त्यसलाई नियन्त्रण गर्न माग गर्नुभयो । सांसद सञ्जयकुमार गौतमले तत्कालीन राजा वीरेन्द्रले नेपाललाई शान्ति क्षेत्र घोषणा गर्न गरेको प्रस्ताव मंगलबार पनि सान्दर्भिक रहेकाले सर्वदलीय सहमति जुटाएर त्यसलाई अगाडि बढाउनु माग गर्नुभयो ।

हर्कमाया विश्वकर्माले लागुऔषध विरुद्धको अभियानलाई प्रभावकारी बनाउन माग गर्दै सीमावर्ती जिल्लामा त्यसको नियन्त्रणका लागि उचित प्रबन्ध गर्न माग गर्नुभयो ।

सांसद हरि ढकालले सङ्घीय संसद् भवन रहेको वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा अनेकन खालका विकृति रहेकाले त्यसलाई तत्काल नियन्त्रण गर्न माग गर्नुभयो ।

सांसद ज्ञानु बस्नेत सुवेदीले राजनीतिक क्रान्ति पूरा भए पनि आर्थिक क्रान्तिको प्रक्रिया अगाडि बढ्न नसक्दा जनताको निराशालाई लिएर केही व्यक्तिले फाइदा उठाउन खोजेकाले त्यसलाई नियन्त्रण गर्न समाजवादी मोर्चा नेपाल घोषणा गरिएको दाबी गर्नुभयो ।

# सुर्तीजन्य पदार्थको कर बढाउने प्रस्ताव मन्त्रिपरिषद्मा लैजाने : मन्त्री बस्नेत

काठमाडौँ, ५ असार (रासस) । स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मोहनबहादुर बस्नेत सुर्तीजन्य पदार्थको कर बढाउने प्रस्ताव मन्त्रिपरिषद् बैठकमा लैजाने बताउनु भएको छ ।

मन्त्रालयमा मंगलबार नेकपा (एमाले)को स्वास्थ्य तथा जनसङ्ख्या मंगलबार विभागका पदाधिकारीद्वारा प्रस्तुत ज्ञापनपत्र बुझ्दै उहाँले चाँडै नै सुर्तीजन्य पदार्थमा लाग्ने कर बढाउने प्रस्ताव मन्त्रिपरिषद्मा लैजाने बताउनुभएको हो । मन्त्री बस्नेतले सुर्तीजन्य पदार्थको करबाट सङ्कलित रकम देशभरिका गरिबीको उपचारका लगाउने जानकारी दिनुभयो ।

"विश्व स्वास्थ्य सङ्गठनले निर्धारण गरेको भन्दा हामीले अहिले कम कर लिइरहेका छौँ", उहाँले भन्नुभयो, "सुर्तीजन्य पदार्थमा कर बढेपछि महँगो हुने भएकाले उपभोग कम हुन्छ तर पनि जति उपभोग हुन्छ सोही बमोजिम कर पनि उठ्छ र सोही करबाट गरिब तथा विपन्न नागरिकका लागि अक्षय कोष (बास्केट फन्ड) राखेर उपचार गर्नुपर्दछ । सुर्तीजन्य पदार्थको कर बढाउनै पर्दछ ।"

ठूलो सङ्ख्या चिकित्सक र नर्स पलायन भएकामा मन्त्री बस्नेतले चिन्ता व्यक्त गर्दै उनीहरूलाई स्वदेशमा नै सेवा गर्ने वातावरण तयार गर्ने बताउनुभयो । उहाँले विदेशमा गएर पनि चिकित्सक र नर्सले भनेजस्तो तलब सेवासुविधा नपाएको समेत उल्लेख गर्नुभयो ।

सबै अस्पतालमा कूल शय्याको १० प्रतिशत शय्या पूर्णरूपमा निःशुल्क गर्न निर्देशन दिइसकेको भन्दै मन्त्री बस्नेतले यदि अस्पतालले निर्देशन कार्यान्वयन नगरे कारबाही गर्नेसमेत बताउनुभयो । उहाँले मन्त्रालयका आठ सय कर्मचारी काजमा विभिन्न ठाउँमा गएकामा तिनलाई फिर्ता ल्याउने प्रयाससमेत गरिरहेको जानकारी गराउनुभयो ।

एमाले स्वास्थ्य विभागका प्रमुख तथा सांसद कृष्णगोपाल श्रेष्ठले मन्त्री बस्नेतलाई गुणस्तरीय स्वास्थ्य सेवा नागरिकलाई पुऱ्याउनका लागि विभिन्न ११ बुँदे ज्ञापनपत्र बुझाउनुभएको थियो ।

ज्ञापनपत्रमा अस्पतालले १० प्रतिशत बिरामीलाई निःशुल्क उपचार गर्नुपर्ने, विभिन्न आठ खालका कडा रोगको उपचारलाई सहज बनाउनुपर्ने, स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी बनाउनुपर्ने, तीन सय ९६ स्थानीय तहमा आधारभूत अस्पताल निर्माणमा तीव्रता दिनुपर्ने माग राखिएको छ ।

यस्तै अस्पतालमा शल्यक्रिया,

*बाँकी तीन पृष्ठमा*


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सन्तोष प्रसाद शाह**
**Dr. Santosh Prasad Sah**
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
**कन्सलटेन्ट फिजिसियन**

**डा. यमेश यादव**
**Dr. Yamesh Yadav**
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
**जेनरल सर्जन**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क :
**कृताञ्जली मेडिकल हँल**
**राजविराज**
Mo. No : 9842830252, 9804605569

# विपद्जन्य घटनामा हालसम्म १० को मृत्यु

काठमाडौं, ५ असार (रासस)।
यस वर्षको मनसुन सुरु भएपछि भएका विपद् घटनामा परी १० जनाको मृत्यु भएको छ।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा आकस्मिक, शून्य र अन्य समयमा उठेक प्रश्नको जवाफ दिँदै उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले विपद्का घटनामा परी छ घाइते र २६ बेपत्ता भएको बताउनुभयो। साथै ५४ घर पूर्णरूपमा क्षति भएको र थप विवरण आउने क्रम जारी रहेको उहाँले जानकारी दिनुभयो।

"जेठ ३१ गतेबाट नेपालमा प्रवेश गरेको मनसुन प्रणालीको बढी असर देशको पूर्वी भू-भागमा परेको छ। सङ्खुवासभा, पाँचथर, ताप्लेजुङलगायत जिल्लामा बढी विपद्जन्य घटना भएका छन्", गृहमन्त्री श्रेष्ठले भन्नुभयो।

उहाँले विपद्का घटनामा परी मृत्यु भएका सबैप्रति श्रद्धाञ्जली व्यक्त गर्दै परिवारजनमा गहिरो समवेदना प्रकट गर्नुभयो। साथै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै बेपत्ताको खोजी तीव्र बनाउने प्रतिबद्धता जनाउनुभयो।

"असार ४ गते प्रधानमन्त्रीको नेतृत्वमा विपद् प्रभावित क्षेत्रमा गयौँ। सङ्खुवासभाको तुम्लिङटारबाहेक अन्य स्थानमा मौसम अनुकुल हुँदा हेलिकोप्टर जान सक्ने अवस्था भएन", उहाँले भन्नुभयो, "तुम्लिङटारबाट घटनाबारे विभिन्न जिल्लाका प्रशासन, सुरक्षा निकाय र जनप्रतिनिधिसँग जानकारी लिइ आवश्यक निर्देशनस समेत दिएर काठमाडौं फर्किएका छौं।"

उहाँले विपद् प्रभावित उल्लेखित जिल्लामा जिल्ला सुरक्षा समिति, जिल्ला व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति, स्थानीय जनप्रतिनिधि, राजनीतिक दल, नागरिक समाज, स्थानीय जनसमुदाय र सञ्चारकर्मीको संलग्नतामा खोज तथा उद्धार जारी रहेको जानकारी दिनुभयो।

उहाँले अविरल वर्षाका कारण सङ्खुवासभाको चैनपुर नगरपालिका भएर बग्ने हेवा खोला र पिलुवाखोलामा आएको बाढीले खोला आसपासका बस्ती जोखिमामा परेको जानकारी दिनुभयो। "बाढीका कारण चैनपुर-४ दोभानेमा निर्माणाधीन सुपर हेवा खोला जलविद्युत् आयोजनामा क्षति पुगेको छ। उक्त जलविद्युत् आयोजनामा काम गर्ने १८ जना कामदार र अन्य दुई स्थानका तीन जना गरी २१ जना बेपत्ता भएकामा तीन जानाको जीवितै उद्धार गरी उपचार भइरहेको र एक जनाको शव फेला परेको छ", उहाँले भन्नुभयो। उहाँका अनुसार उक्त स्थानमा बाढीले सात वटा घर बगाएको र ११ घर उच्च जोखिममा परेका छन्।

बाढीका कारण हेवा खोलामा रहेका दुई मोटरेबल पक्की पुल र दुई झोलुङ्गे पुल पूर्णरूपमा क्षतिग्रस्त र एउटा पक्की पुलमा आंशिक क्षति पुगेको उहाँले जानकारी दिनुभयो। स्थानीय प्रशासनको नेतृत्वमा सुरक्षा निकाय, स्थानीय तह र सडक डिभिजनका प्राविधिकसहित यसको क्षति आँकलन र यातायात सुरु गर्ने सम्बन्धमा काम भइरहेको उहाँको भनाइ छ। थप विवरण आउने क्रममा रहेको उहाँले बताउनुभयो।

ताप्लेजुङमा बाढी पहिरोमा परी हालसम्म तीन जनाको मृत्यु भएको छ भने तीन जना बेपत्ता र एकजना घाइते भएका छन्।

गृहमन्त्री श्रेष्ठका अनुसार सिदिङ्वा-६ मेहेलमा दुई वटा घरका चार जनालाई घरसहित बगाएकोमा एक जनाको शव प्राप्त भएको छ। साथै बेपत्ताको खोज तथा उद्धार जारी छ। सोही पालिकाको नाभिभञ्ज्याङमा २० घर पहिरोको जोखिममा रहेको र वडा नं ३ इलाबोटेका चार घरसमेत गरी जिल्लाका विभिन्न स्थानका १३ घर पूर्णरूपमा क्षति भएको उहाँले जानकारी दिनुभयो। सिदिङ्वा गाउँपालिका वडा नं ६ को अर्को स्थानमा पहिरोमा परी दुईको मृत्यु र एक जना घाइते भएका छन्। घाइतेलाई उद्धार गरी हेलिकोप्टरमार्फत उपचारका लागि बिराटनगर पठाइएको गृहमन्त्री श्रेष्ठले बताउनुभयो।

ताप्लेजुङका विभिन्न स्थानमा पाँच वटा झोलुङ्गे पुल र एउटा पक्की पुलमा क्षति भएको छ। पहिरोको उच्च जोखिममा रहेको ३९ घरपरिवारलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको र जिल्लाबाट क्षतिको विवरण आउने क्रम जारी छ। पाँचथरमा पहिरोबाट हालसम्म तीन जनाको मृत्यु भएको छ भने एकजना घाइते र तीन बेपत्ता भएका छन्। मेची राजमार्गको हेवा खोलास्थित पुल बगाउँदा सडक पूर्णरूपमा अवरुद्ध भएको छ। फिदिम वडा ४ तमोर करिडोर सडकखण्ड र फिदिम-४ हिलियाङको बेलिब्रिज बगाउँदा पूर्णरूपमा अवरुद्ध छ। सो आसपासमा ६ पक्की पुल, सात वटा झोलुङ्गे पुल र एउटा ट्रस पुलमा क्षति पुगेको छ।

जिल्लाका विभिन्न स्थानमा ३४ घर पूर्णरूपमा र २७ घर आंशिकरूपमा क्षतिग्रस्त भएका छन्। उक्त स्थानबाट एक सय २० जनालाई स्थानीयलाई स्थानान्तरण गरिएको छ। रैराङ, माउन्टेन 'ए' र माउन्टेन 'बी' गरी तीन जलविद्युत् आयोजनामा क्षति पुगेको छ भने विवरण आउन बाँकी छ।

तनहुँ जिल्लाको मुग्लिङ-पोखरा सडकखण्डमा निर्माण गरिरहेको अवस्थामा पहिरो खस्दा तीन जना कामदार पुरिएको प्रहरीले उद्धार गरी एक जनाको दमौलीमा उपचार भइरहेको र दुई जना कामदारको मृत्यु भएको उहाँले जानकारी दिनुभयो।

पीडित परिवारलाई तत्काल राहत उपलब्ध गराउने प्रक्रिया अघि बढाइएको, सडक विभागको समन्वयमा मुख्य सडकमार्गमा वेलिब्रिज सञ्चालनका लागि यसको आँकलन तथा स्थापना गर्न र मुख्य तथा सहायक राजमार्गमा अवरुद्ध हुनासाथ तत्काल सडक डिभिजन कार्यालयका प्राविधिक र सुरक्षाकर्मी परिचालन गरी केही घण्टाभित्र अवरुद्ध सडक खुलाउन कार्य अगाडि बढाइएको उहाँको भनाइ छ।


गत जेठ १९ उपप्रधानमन्त्री एवं गृहमन्त्रीको अध्यक्षतामा बसेको बैठकले मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय योजना २०८० जारी गरी सबै सङ्घीय निकाय र सरोकारवाला निकायको भूमिका निर्धारण गरी समन्वयात्मक परिचालनको व्यवस्था गरिएको उहाँको भनाइ छ। साथै गृहमन्त्रालयका सहसचिवको नेतृत्वमा सुरक्षा निकायका प्रतिनिधि, सडक, सिँचाइ, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्रिधिकरणका प्रतिनिधिरहेको कमाण्ड पोष्ट गठन गरी काम भइरहेको उहाँले बताउनुभयो।

"विपद्पीडित उद्धार तथा राहतसम्बन्धी मापदण्ड, २०७७ अनुसार मृतक परिवारमा एक जनाको मृत्यु भएका रु दुई लाख र सोही परिवारको थप अन्य कसैको मृत्यु भएमा प्रतिव्यक्ति थप रु एक लाखका दरले थपराहत उपलब्ध गराउने व्यवस्था मिलाइएको छ", उहाँले भन्नुभयो।साथै घरबास क्षति भएकालाई सरकारले तत्काल जीवन गुजाराको लागि प्रतिपरिवार रु १५ देखि २० हजार उपलब्ध गराइएको बताउनुभयो।

## सुर्तीजन्य पदार्थको ...

डाइलाइसिसलगायत सेवा सर्वसुलभ बनाउनुपर्ने, जनशक्तिको उचित व्यवस्थापन गर्नुपर्ने, कर्मचारीलाई जथाभावी सरुवा गर्न नहुने, फाजिलमा रहेका तथा समायोजन नमिलेका सम्पूर्ण स्वास्थ्यकर्मीलाई जिम्मेवारीसहित रिक्त स्थानमा पुनः मिलान गर्नुपर्ने, सङ्घीय स्वास्थ्य सेवा ऐन तथा जनस्वास्थ्य सेवा ऐन तत्काल ल्याउनुपर्ने, स्वास्थ्यकर्मीको सुरक्षा व्यवस्थालाई भरपर्दो बनाउनुपर्ने ज्ञापनपत्रमा उल्लेख गरिएको छ।

यस्तै झाडापखाला, दादुरा र डेङ्गोलगायत महामारी रोगको रोकथाम तथा नियन्त्रण र बाढीपहिरोलगायत जलउत्पन्न विपत्तिको व्यवस्थापन गर्ने कार्यमा पूर्वतयारी गर्नुपर्ने पनि ज्ञापनपत्रमा उल्लेख गरिएको छ।

अनुरोधकर्ता
अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी


# विश्व समाचार

## अफगानिस्तानमा ८० एकड क्षेत्रफलमा लगाइएको अफिम खेती नष्ट

शिबर्गान, ५ असार (रासस/सिन्ह्वा)।
अफगानिस्तानको प्रहरीले गत दुई महिनामा अफगानिस्तानको उत्तरी जाज्जान प्रान्तमा करिब ८० एकड जमिनमा लगाइएको अफिम नष्ट गरेको छ। "विगत दुई महिनामा, शृङ्खलाबद्ध अपरेसनमा हामीले जाज्जान प्रान्तका सात जिल्लामा छ एकड चरेस फार्मसहित ८० एकड अफिम र चरेस नष्ट गरेका छौं," सहका प्रान्तीय निर्देशक मोहमद युनुसले बताउनुभयो।

अवैध बाली विरुद्धको यस्तै कारवाहीमा प्रहरीले केही साताअघि तीन प्रदेशमा करिब ६०० एकड खेती नष्ट गरेको थियो। अफगान कार्यवाहक प्रशासनका सर्वोच्च नेता मुल्ला हिबतुल्लाह अखुन्दजादाले गत वर्ष अप्रिलमा अवैध बालीको खेती, प्रशोधन र ओसारपसारमा प्रतिबन्ध लगाउने आदेश जारी गर्नुभएको थियो।

## अफगानिस्तानको तखार सवारी दुर्घटनामा तीन जनाको मृत्यु, दुई जना घाइते

काबुल, ५ असार (रासस/एएनआई)।
अफगानिस्तानको तखारमा भएका दुई छुट्टाछुट्टै सवारी दुर्घटनामा कम्तीमा तीन जनाको मृत्यु भएको छ भने अन्य दुई जना घाइते भएका छन्। खामा प्रेस समाचार एजेन्सीका अनुसार पहिलो घटना प्रदेशको चाआब जिल्लामा भएको दुर्घटनामा सवारी साधन पल्टिँदा दुई जनाको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन्। दोस्रो घटना सोही क्षेत्रमा विपरीत दिशाबाट आउँदै गरेको अर्को गाडीसँग ठोक्किँदा एक जनाको मृत्यु भएको हो।

यसअघि उत्तरपूर्वी प्रान्त बदख्सानको कोफाब जिल्लामा भएको सवारी दुर्घटनामा तीन जनाको मृत्यु भएको खामा प्रेसले जनाएको छ। खामा प्रेसका अनुसार गत साता स-एपोल, बामियान र जाबुल प्रान्तलगायत देशका विभिन्न क्षेत्रमा भएका धेरै सडक दुर्घटनामा कम्तीमा ३३ जनाको मृत्यु भएको र ४५ जना गम्भीर घाइते भएका छन्। सडक दुर्घटनामा वृद्धि हुनुमा गैरजिम्मेवार सवारी चालक पक्की सडकको अभाव, कम मर्मतसम्भार र ट्राफिक नियम पालना नगर्नु लगायतका कारण रहेको अधिकारीले बताएका छन्।

## प्रधानमन्त्री मोदी अमेरिका प्रस्थान

नयाँदिल्ली, ५ असार (रासस/एएनआई)।
प्रधानमन्त्री नरेन्द्र मोदी आफ्नो पहिलो ऐतिहासिक राजकीय भ्रमणका लागि मङ्गलबार संयुक्त राज्य अमेरिका प्रस्थान गर्नु भएको छ। अमेरिका प्रस्थान गर्नुअघि प्रधानमन्त्री मोदीले ट्वीटमा लेख्नु भएको छ, "अमेरिका प्रस्थान गर्दैछु, जहाँ म न्यूयोर्क शहर र वाशिङ्टन डीसीमा हुने कार्यक्रममा सहभागी हुनेछु। ती कार्यक्रमा योग दिवस मनाउने, राष्ट्रपति बाइडेनसँग वार्ता गर्ने लगायतका छन्।"

"प्रधानमन्त्री मोदीलाई अमेरिकी राष्ट्रपति जो बाइडेन र प्रथम महिला जिल बाइडेनले भ्रमणको निमन्त्रणा दिनुभएको हो। भ्रमण न्युयोर्कमा शुरु हुनेछ जहाँ प्रधानमन्त्रीले जुन २१ मा संयुक्त राष्ट्रसङ्घ मुख्यालयमा अन्तरराष्ट्रिय योग दिवस मनाउने कार्यक्रमको नेतृत्व गर्नेहुनेछ।"

प्रधानमन्त्री मोदी त्यसपछि वाशिङ्टन डीसी प्रस्थान गर्नु हुनेछ जहाँ उहाँले जुन २२ मा ह्वाइट हाउसमा राष्ट्रपति बाइडेनलाई भेट्नुहुनेछ। राष्ट्रपति बाइडेन र प्रथम महिला जिल बाइडेनले सोही दिन साँझ प्रधानमन्त्रीको सम्मानमा रात्रि भोजको आयोजना गर्नु हुनेछ। प्रधानमन्त्री मोदीले जुन २२ मा अमेरिकी कांग्रेसको संयुक्त बैठकलाई पनि सम्बोधन गर्नुहुने कार्यक्रम तय भएको छ।

## श्रीलङ्कामा यो वर्ष सडक दुर्घटनामा एक हजार ४३ जनाको मृत्यु

कोलम्बो, ५ असार (रासस/सिन्ह्वा)।
श्रीलङ्कामा यो वर्ष अहिलेसम्म कूल ८,८७५ वटा सडक दुर्घटना भएका छन्। ती विभिन्न दिर्घटनामा १,०४३ जनाको मृत्यु भएको छ। यातायात मन्त्री लासान्था अलागियावान्नाले सोमबार सो जानकारी गराउनु भएको हो। यी दुर्घटनामा अधिकांश बस, मोटरसाइकल र तीनपाङ्ग्रे सवारी साधन रहेको पनि मन्त्रीले सञ्चारमाध्यमलाई बताउनु भएको छ।

यसैबीच दुर्घटना न्यूनीकरणका लागि सहकार्यात्मक कार्ययोजना अघि बढाइएको छ। पश्चिमाञ्चल प्रदेशमा मदिरा र लागुऔषध सेवन गरी सवारी चलाउने चालकको पहिचान गर्न मे १८ गतेदेखि पाइलट कार्यक्रम शुरुनेस गरिएको मन्त्रीले बतउनु भएको छ।

सोमबारदेखि आइतबारसम्म पश्चिमाञ्चल प्रदेशमा लागुऔषध सेवन गरी सवारी चलाएको आशङ्कामा एक हजार ७८१ चालकको परीक्षण गरिएको राज्यमन्त्रीले जानकारी दिनुभएको छ। श्रीलङ्कामा सन् २०२२ मा करिब १९ हजार ७४० सडक दुर्घटना भएको थियो जसमा दुई हजार चार सय ८५ जनाको मृत्यु भएको थियो।

# सप्तरी प्रिमियर लिगमा छिन्नमस्ता र कन्चनरुप विजयी



**दैनिक समाचारदाता**
**राजविराज, ५ असार ।**

राजविराजमा जारि सप्तरी प्रिमियर लिगमा मंगलबार सम्पन्न खेलमा छिन्नमस्ता लायन्स र कन्चनरुप राइनोज विजयी भएका छन् ।

पहिलो खेलमा छिन्नमस्ता लायन्सले राजविराज द किंग्सलाई ३६ रनले पराजित गर्यो भने दोश्रो खेलमा कन्चनरुप राइनोजले बलान बिहुल सुपर किंग्सलाई ७ विकेटले पराजित गर्यो ।

स्थानिय पब्लिक विन्देश्वरी मैदानमा छिन्नमस्ताले दिएको १ सय ५९ रनको लक्ष्य पछ्याउने क्रममा राजबिराज द किंग्सले १९ ओभरमा सबै विकेट गुमाएर १ सय २२ रन बनाउन सफल भयो । जसमा अभिषेक कार्कीले सर्वाधिक ४१, बिक्रम सोबले २८ तथा तृत राज दासले १८ रन बनाए । टस हारेर ब्याटिंग गरेको छिन्नमस्ताले निर्धारित २० ओभरमा ७ विकेट क्षेतीमा १ सय ५८ रन बनाएको थियो ।

छिन्नमस्ताका लागि राहुल मण्डलले सर्वाधिक ५०, शुभ कंसाकारले ३२ रन बनाए भने हिमांशु दत्ता र पप्पु यादवले समान १६ रन बनाए । कप्तान शरद भेसावकरले ११ रन बनाएका थिए ।

राजविराजका बलिंगमा अभिषेक कार्की, तृत राज दास र सन्तोष कार्कीले २/२ तथा बिक्रम सोबले १ विकेट लिए । सो खेलमा प्लेयर अफ द म्याच राहुल मण्डल भए ।

यस्तै दोश्रो खेलमा कन्चनरुप राइनोजले बलान बिहुलले दिएको १ सय ३८ रनको लक्ष्य १५ ओभरमा ३ विकेट क्षतीमा प्राप्त गर्‍यो । कन्चनरुपका लागि अमित यादवले सर्वाधिक ६७, सुमित श्रेष्ठले अविजित २७, राकेश कामतले २३ रन तथा अविनाश कर्णले २१ रन बनाए । बसिर अहमदले २ तथा रोबिन सिंहले १ विकेट लिए ।

यस अघि टस जितेर ब्याटिंग गरेको बलान बिहुल सुपर किंग्सले १७.१ ओभरमा सबै विकेट गुमाएर १ सय ३७ रन मात्र बनाउन सक्यो । जसमा पवन सर्राफले सर्वाधिक ५०, बसिर अहमदले २० तथा हसिम अन्सारीले १३ रन बनाए । कन्चनरुपको बलिंगमा राशिद खान, चित्र बिस्ट, पप्पु यादव र सुमित श्रेष्ठले २/२ विकेट लिए ।

# काठमाडौं महानगरद्वारा ११ महिनामा आठ अर्ब राजस्व संकलन

काठमाडौं, ५ असार (रासस) ।

काठमाडौं महानगरपालिकाले चालु आर्थिक वर्षको ११ महिनामा रु आठ अर्ब राजस्व सङ्कलन गरेको छ । आन्तरिक आय, राजस्व बाँडफाँट र आन्तरिक अनुदान गरी आव २०७९/८० को ११ महिनामा रु आठ अर्ब २९ करोड ९५ लाख ५९ हजार दुई सय ७८ राजस्व सङ्कलन गरिएको राजस्व विभागका प्रमुख ध्रुव काफ्लेले जानकारी दिनुभयो । उहाँका अनुसार यो रकम महानगरको राजस्व लक्ष्यको ७९ प्रतिशतमात्रै हो ।

महानगरपालिकाले चालु आवका लागि राजस्व लक्ष्य रु १० अर्ब ४२ करोड ९५ लाख राखेको थियो । यसमध्ये सबैभन्दा धेरै प्रगति महानगरले आन्तरिक आयतर्फ गरेको छ । राजस्व सङ्कलनमध्ये महानगरपालिकाले आन्तरिक आयतर्फ ९८ दशमलव ८७ प्रतिशत हासिल गरेको जनाएको छ । महानगरपालिका रु चार अर्ब ८५ करोड आन्तरिक आयको राजस्व लक्ष्यमध्ये रु चार अर्ब ७७ करोड उठाएको हो । जुन अघिल्लो आवको भन्दा एक अर्ब बढी भएको विभागले जनाएको छ ।

विभागका अनुसार आव २०७८/७९ मा महानगरले रु तीन अर्ब ७२ करोडमात्रै आन्तरिक आय सङ्कलन भएको थियो । महानगरपालिकाले आन्तरिक आयतर्फ घरबहाल करमा रु एक अर्ब ९२ करोड १२ लाख ८० हजार राजस्व सङ्कलन गरेको छ । चालु आवमा महानगरपालिकाले यो शीर्षकमा रु दुई अर्ब राजस्व उठाउने लक्ष्य राखेको थियो । यस्तै सम्पत्ति करमा रु ९१ करोड ३३ लाख राजस्व सङ्कलन गरेको छ । जुन अघिल्लो आवको भन्दा रु १२ करोडले बढी भएको जनाएको छ ।

महानगरलाई राजस्व लक्ष्यमा पुग्न राजस्व बाँडफाँट भएर आउने रकमले असर परेको देखिएको छ । यसैगरी महानगरले बाँडफाँटबाट प्राप्त हुने राजस्वबाट रु एक अर्ब ५५ करोड ८९ लाख जम्मा गरेको छ । राजस्व बाँडफाँट पाउनुपर्नेमा महानगरपालिकालाई प्राप्त भएको अघिल्लो आवको भन्दा झन्डै रु एक अर्बले कमी भएको देखिन्छ । गत आव २०७८/७९ मा राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम रु एक अर्ब ७५ करोड ५४ लाख थियो, जनु एक सय छ प्रतिशत रहेको थियो । तर यो पटक लक्ष्यको जम्मा ४५ प्रतिशतमात्रै महानगरलाई बाँडफाँट भएको हो ।

गत आवमा रु दुई अर्ब ५८ करोड २५ लाख राजस्व बाँडफाँटबाट आउने रकम लक्ष्य राखेकामा जेठ मसान्तसम्म रु दुई अर्ब ७५ करोड ५४ लाख अर्थात् एक सय छ प्रतिशत बाँडफाँट भएको थियो । तर चालु आव तीन अर्ब ४१ करोड ३१ लाख लक्ष्य राखेकामा रु एक अर्ब ५५ करोड ८९ लाखमात्रै उठेको हो ।

महानगरपालिकाको राजस्व विभागका अनुसार चालु आवको राजस्वको लक्ष्य भेटन् नसक्नुमा महानगरलाई प्राप्त हुने राजस्व बाँडफाँट हो । विभागका प्रमुख ध्रुव काफ्लेले महानगरले पर्याप्त आन्तरिक राजस्व उठाए पनि बाँडफाँट भएर आउने रकम कम हुँदा लक्ष्य प्राप्तिको दूरी टाढा भएको बवताउनुभयो । राजस्व विभागका अनुसार चालु आवमा आन्तरिक अनुदानतर्फ रु एक अर्ब ९६ करोड ९६ लाख महानगरको राजस्व जम्मा भएको छ ।

# प्रधानमन्त्रीसँग असार ८ गते प्रतिनिधिसभामा प्रत्यक्ष प्रश्नोत्तर हुने

काठमाडौं, ५ असार (रासस) ।

प्रतिनिधिसभामा यही असार ८ गते प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँग प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रम हुने भएको छ । सभामुख देवराज घिमिरेले प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तरका लागि मिति निर्धारण भएकाले सदनलाई जानकारी गराउनुभयो ।

सभामुखले हरेक समूहमा १५ जना सांसद रहने गरी १७ समूहमा विभाजन गरिएको उल्लेख गर्दै मंगलबार साँझ ५ बजेसम्म प्रतिनिधिसभाका सचिवसमक्ष प्रश्न टिपाउन आग्रह गर्नुभयो ।

असार ८ गते हुने प्रश्नोत्तरमा पहिलो समूहमा रहेका सांसदहरूले प्रश्न टिपाउने र सोहीमाथि छलफल हुनेछ । यसअघि पनि प्रतिनिधिसभामा प्रधानमन्त्री प्रचण्डसँग प्रत्यक्ष प्रश्नोत्तरको कार्यक्रम सञ्चालन गरिएको थियो ।





अनुरोधकर्ता
छिन्नमस्ता गाउँपालिका, सप्तरी


# दुर्घटनामा मन्त्री सिंहका निधन

**दैनिक समाचारदाता**
**काठमाडौं, ५ असार ।**

गाडी दुर्घटनामा परेर घाइते भएका सुदूरपश्चिम प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री पृथ्वीबहादुर सिंहको निधन भएको छ ।

दुर्घटनामा घाइते भएका मन्त्री सिंहको उपचारका क्रममा कोहलपुर मेडिकल कलेजमा मृत्यु भएको सुदूरपश्चिमका प्रहरी प्रमुख डीआईजी भरत बोहराले जानकारी दिए ।

सिंहका चालक धर्मराज जोशी र सुरक्षागार्ड दीपक भण्डारीको भने उपचार भइरहेको छ । मन्त्री सिंह चढेको सुदूरपश्चिम प्रदेश ०१-००१झ ४८० नम्बरको जीप धनगढीबाट बझाङ जाँदै गर्दा केदारस्युँ गाउँपालिकामा दुर्घटनामा परेको थियो ।

सिंहसहित यो दुर्घटनामा ज्यान गुमाउने ३ जना पुगेका छन् । दुर्घटनामा घाइते भएकी मन्त्री सिंहकी श्रीमती अमृतादेवी सिंह र उनकी भाउजु जयादेवी सिंहको यसअघि बझाङमै मृत्यु भएको थियो ।


डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit | City Express Money Transfer | Best Remit | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेबसाइट : rajbirajdainik.com.np